# स्थानीय राजपत्र

## शिवपुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९) शेरावगर, नुवाकोट, २०८२ साल असार ३० गते (संख्याः १


## भाग – १

**शिवपुरी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको ऐन बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

# शिवपुरी गाउँपालिकाको आर्थिक ऐन, २०८२

### शिवपुरी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना** : शिवपुरी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम शिवपुरी गाउँ सभामा यो ऐन स्वीकृतिको लागि पेश गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "शिवपुरी गाउँपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि शिवपुरी गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

**२. सम्पति कर र भूमिकर (मालपोत):** (१) गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम घर/संरचना र सो ले चर्चेको जग्गा (भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा पाँच हजार चार सय छयहत्तर वर्गफिट/१ रोपनी) मा सम्पति कर असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम सम्पती कर लगाउने भनि तोकेको घर जग्गा बाहेकका अन्य जग्गा भएमा अनुसूची-२ बमोजिम भूमिकर (मालपोत) लगाईनेछ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची-३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-६ बमोजिम प्रदेश सरकारले तोकिएको क्षेत्रमा विज्ञापन कर लगाईनेछ ।

७. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा प्रदेश सरकारले तोकिए बमोजिम अनुसूची-७ अनुरुप मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक सम्पतिको उपयोग तथा आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची-८ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-९ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **ट्रेकिङ्ग, कोयोकि, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोनिङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरे वारत अनुसूची-१० बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची-११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **दहत्तर, बहत्तर तथा निकासी शुल्कः** आ.व. २०८२/८३ को ढुङ्गा गिट्टी बालुवा बहत्तर दहत्तरको संकलन, बिक्री निकासीमा बागमती प्रदेश आर्थिक ऐन, २०८२ को अधिनमा रही अनुसूची-१२ बमोजिम दहत्तर, बहत्तर तथा निकासी शुल्क लिईनेछ ।

१३. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुची - १
## सम्पति कर

| सि.नं. | सम्पति कर मुल्यांकन | करको दर प्रतिलाख (रु.) | एकमुष्ठ कर रकम (रु.) |
|---|---|---|---|
| १ | पाँचलाख सम्म | ७ | ३५ |
| २ | दशलाख सम्मको | ७.५ | ७५ |
| ३ | पन्ध्र लाख सम्मको | १३ | १३० |
| ४ | बीस लाख सम्म | २० | २०० |
| ५ | २० देखि ५० लाख सम्म | १० | ५०० |
| ६ | ५० लाख देखि १ करोड सम्म | १३ | १३०० |
| ७ | १ करोड देखि २ करोड सम्म | १७ | ३४०० |
| ८ | २ करोड देखि ३ करोड सम्म | २२ | ६६०० |
| ९ | ३ करोड देखि ५ करोड सम्म | २८ | १४००० |
| १० | ५ करोड देखि १० करोड सम्म | ३५ | ३५००० |
| ११ | १० करोड देखि १५ करोड सम्म | ४५ | ६७५०० |

## अनुसुची - २
## भूमिकर (मालपोत)

| क्र.सं. | जग्गाको विवरण | दररेट |
|---|---|---|
| १ | मध्य पहाडी लोकमार्गमा जोडिएका जग्गा | न्यूनतम रु. ७०।- र प्रति रोपनी रु. ७०।- |
| २ | लोकमार्ग बाहेक पक्की सडकमा जोडिएका जग्गा | न्यूनतम रु. ५०।- र प्रति रोपनी रु. ५०।- |
| ३ | कच्चि सडक, ग्राभेल सडकमा जोडिएका जग्गा | न्यूनतम रु. ४०।- र प्रति रोपनी रु. ४०।- |
| ४ | गोरेटो बाटो भएकोधान खेत | न्यूनतम रु. ३०।- र प्रति रोपनी रु. ३०।- |
| ५ | गोरेटो बाटो भएको पाखोबारी तथा अन्य जग्गा | न्यूनतम रु. २०।- र प्रति रोपनी रु. २०।- |

(साविकमा मालपोत दस्तुर बुझाएको प्रमाण पेश नभएको र चालु आ.व.मा बुझाउन आएमा अघिल्लो १ बर्षको चालु आ.व.को दरले थप १० प्रतिशत र क्रमशः प्रतिवर्ष ५ प्रतिशत (५० प्रतिशतमा नबढ्ने) गरी थप कर लिईनेछ ।)

## अनुसुची - ३

### घरवहाल कर

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, छहरा, छप्पर,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा | बहाल रकमको १० प्रतिशत |

## अनुसुची - ४

### व्यवसाय कर

| सि.नं. | व्यवसायको विवरण | दर (रु मा) (दर्ता/नवीकरण) |
|---|---|---|
| १. | **व्यापारिक वस्तु** | |
| १.१.१ | **सुन, चादी बिक्रेता दर्ता/ नवीकरण** | १०००/२०० |
| १.१.२ | **भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक** | १०००/२०० |
| १.१.३ | **चुरोट, रक्सी, सुर्ती गुट्खा आदि अन्तशुल्क लाग्ने** | |
| | क) थोक बिक्रेता दर्ता/नवीकरण | ३०००/५०० |
| | ख) खुद्रा बिक्रेता दर्ता/नवीकरण | १०००/२०० |
| १.१.४ | **हलुका पेयपदार्थको थोक बिक्रेता/नवीकरण** | १०००/२०० |
| १.२.१ | **निर्माण सामाग्री** | |
| | क) सिमेन्ट, छड, धातुका निर्माण सामान समेत (डिलर भएकोलाई थप रु. १,०००।-)/नवीकरण | २०००/५०० |
| | ख) छड, सिमेन्ट मात्रवा सो वाहेक अन्य सामानहरु | १५००/३०० |
| १.२.२ | **कम्प्यूटर र सोका सामान बिक्री पसल** | १०००/२०० |
| १.२.३ | **विद्युत पसल** | |
| | क) बिजुलीको सबै सामान थोक | २०००/५०० |
| | ख) बिजुलीका सबै सामान खुद्रा | १०००/२०० |
| १.२.४ | **रेडियो, घडी बिक्री पसल** | १०००/२०० |
| १.२.५ | **फर्निचरका सामान तथा कार्पेट पसल** | २०००/५०० |
| १.२.६ | **पेट्रोलियम पदार्थ** | |

| सि.नं. | व्यवसायको विवरण | दर (रु मा) (दर्ता/नवीकरण) |
|---|---|---|
| | क) आयल निगमको डिलर भै पेट्रोलियम पदार्थ बिक्री गर्ने | ५०००/१००० |
| | ख) ग्याँस तथा खुद्रा पेट्रोलियम पदार्थ बिक्री गर्ने | १०००/२०० |
| १.२.७ | **टेलिभिजन पसल** | |
| | क) टिभि फ्रिज तथा अन्य सामानको पसल | १०००/२०० |
| १.३.१ | **खाद्यान्न किराना पसल** | |
| | क) थोक बिक्री गर्ने पसल | १५००/३०० |
| | ख) सबै सामान राखी खुद्रा कराना सामान बिक्री गर्ने | १०००/२०० |
| १.३.२ | **फलफुल तथा तरकारी पसल** | १०००/२०० |
| १.३.३ | **स्वदेश, विदेशी कपडा पसल** | २०००/५०० |
| २.१ | **विषेश परामर्श तथा अन्य व्यवसायिक सेवा** | २०००/५०० |
| ३.१ | **सामान ढुवानी कर्ता तथा कम्पनी** | २०००/५०० |
| ३.२ | **निर्माण व्यवसाय** गांउपालिकामा प्रधान कार्यालय भएको निर्माण ब्यबसायमा वा अन्यत्रबाट निर्माणको लागी गांउपालिकामा आएको निर्माण व्यवसायी सुचिकरण शुल्क | |
| | क श्रेणीको | ५००० |
| | ख श्रेणीको | ३००० |
| | ग श्रेणीको | २५०० |
| | घ श्रेणीको | १००० |
| **३.३** | **घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र** | |
| | अ) दर्ता शुल्क | २५००० |
| | आ) नविकरण शुल्क | ७००० |
| | इ) म्याद नाघेकोमा नविकरण (जरिवाना सहित) | १०,००० |
| | ई) प्रतिलिपि | ८००० |
| ४.१ | **उत्पादन मूलक उद्योग** | |
| | क) इटा तथा प्लाष्टीक कारखाना (निर्माण सामाग्री) | ५०००/१००० |
| | ख) अन्य साना घरेलु उद्योग | १०००/२०० |
| | ग) कलर ल्याब | २०००/५०० |

| सि.नं. | व्यवसायको विवरण | दर (रु मा) (दर्ता/नवीकरण) |
|---|---|---|
| | घ) पश्मिना उद्योग (दर्ता हुने) | ५०००/१००० |
| ४.२ | **फर्निचर उद्योग** | |
| | क) ट्रली समेत राखेको स-मिल | ५०००/१००० |
| | ख) स-मिल तथा उच्च स्तरको फर्निचर उद्योग | ५०००/१००० |
| | ग) सामान्य फर्निचर उद्योग | १०००/२०० |
| ५. | **उर्जामूलक उद्योग-हाईड्रो, अन्य** | १५०००/१५०० |
| ६. | **कृषि,पशु तथा वनजन्य उद्योग** | |
| | क) एक करोड भन्दा माथि पूँजी भएको | ५०००/१५०० |
| | ख) एक करोड सम्मको | ४०००/१२०० |
| | ग) पाँचलाख सम्मको | १०००/२०० |
| | घ) पोल्ट्रि फर्म | २०००/१००० |
| | ङ) ह्याचरि उद्योग | ५०००/१००० |
| ७. | **खानीज उद्योग** | ५०००/१५०० |
| ८. | **पर्यटन उद्योग** | |
| | **होटल लज (रिसोट, होटल लज, होटल रेष्टुरा)** | |
| | होटेल लज सहित | २०००/१००० |
| | होटेल/रेष्टुरेन्ट सहित | १०००/५०० |
| ८.१ | सामुदायिक होम स्टे | ५०००/१००० |
| ८.२ | निजी होम स्टे | ३०००/१००० |
| ९. | **सेवाउद्योग** | |
| | क) सिनेमा हल | ५०००/२००० |
| | ख) अफसेट प्रेस | २०००/१००० |
| | ग) लेटर प्रेस | १०००/५०० |
| | घ) कोल्ड स्टोर तथा फास्ट फुड पसल | १०००/२०० |
| | ङ) चलचित्र व्यवसाय अडियो भिडियो क्यासेट | १०००/५०० |
| | च) हवाई सेवाबुकिङ काउन्टर | १०००/५०० |
| | छ) सार्वजनिक परिवहन (बुकिङ काउन्टर) | १०००/२०० |

| सि.नं. | व्यवसायको विवरण | दर (रु मा) (दर्ता/नवीकरण) |
|---|---|---|
| १०. | निर्माण जन्य सामाग्री उद्योग | ५०००/२५०० |
| ११. | **संचार सेवा** | |
| ११.२ | क) फोन, फ्याक्स, इमेल, इन्टरनेट राखेको लाई | १०००/२०० |
| | ख) फोटोकपी | १०००/२०० |
| | ग) फोन, फोटोकपी, कुरियर आदिमध्ये कुनै एक | १०००/२०० |
| | घ) निजि टेलिफोनका टावर सूचिकरण | ५००० |
| | ङ) इन्टर्नेट सेवा प्रदायक सूचिकरण | ५००० |
| ११.३ | कुरियर सेवा | १०००/२०० |
| ११.४ | छपाई तथा प्रकाशन | १०००/२०० |
| ११.५ | **पत्रपत्रिका तथा स्टेशनरी पसल** | |
| | क) पत्रपत्रिका तथा स्टेशनरी सामान राखेको पसल | १०००/२०० |
| | ख) पत्रपत्रिका पसल | १०००/२०० |
| **१२.** | **वित्तीय सेवा** | |
| १२.१ | निजीक्षेत्रका आर्थिक कारेवार गर्ने बैंक | २५००० |
| १२.२ | आर्थिक कारोवार गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | १०००० |
| १२.३ | वित्तीय कम्पनीको शाखा कार्यालय | ५००० |
| १२.४ | विमा कम्पनी | ५०००/२५०० |
| १२.५ | विदेशी मुद्रा सटही काउन्टर | ५०००/२५०० |
| १२.६ | धितो पत्र कारोवार | २०००/१००० |
| १२.७ | सहकारी बैंक | २०००/१००० |
| १२.८ | अन्य जिल्लामा दर्ता भएका संस्थाहरुको आवद्धता/सुचिकरण | आवद्धता शुल्क |
| | १. सहकारी | १००० |
| | २. लघुवित्त | १००० |
| **१२.९** | **सहकारी संस्था/कृषि सेवा** | |
| १२.१० | कृषि सहकारी संस्था विवरण | २०००/५०० |
| १२.११ | कृषि/वित्तिय सहकारी संस्था | ३०००/१००० |

| सि.नं. | व्यवसायको विवरण | दर (रु मा) (दर्ता/नवीकरण) |
|---|---|---|
| १२.१२ | रसायनिक मल विक्रेता प्रमाण पत्र | १०००/३०० |
| १२.१३ | कृषक समूह | ५००/३०० |
| १३. | **स्वास्थ्य सेवा** | |
| | क) गैर सरकारी अस्पताल | १००००/५००० |
| | ख) नर्सिङ होम | २०००/१००० |
| | ग) क्लिनिक तथा ल्याब-औषधि पसल-फार्मेसी | १०००/५०० |
| १४. | **शिक्षा तथा खेलकुद (निजी क्षेत्रबाट संचालित)** | |
| १४.१ | क) आधारभूत तह | १५०००/२००० |
| | ख) मा.वि. तह | २००००/३००० |
| | घ) क्याम्पस वा प्राविधिक शिक्षालय | २००००/३००० |
| १४.२ | क) टाईपिङ तथा कम्प्यूटर इन्सीच्यूट र भाषा प्रशिक्षण | १०००/५०० |
| | ख) सिलाई बुनाई तथा अन्य साना प्रशिक्षण केन्द्र | १०००/५०० |
| | ग) खेलकुद संस्था | १०००/५०० |
| १४.३ | **मर्मत सम्भार** | |
| १५. | क) हेवी इक्यूमेन्टस् बस, ट्रक, जिप, कार, टयाक्टर-मर्मत केन्द्र | ५०००/२००० |
| १५.१ | ख) मोटरसाईकल, टेम्पो | १०००/५०० |
| | क) टि.भि., फ्रिज, मोटर, पंखा, हिटर | २०००/१००० |
| १५.२ | ख) रेडियो, घडी, प्रेशरकुकर, टेलिफोन स्टोभ ग्याँस चुल्हो आदि | १०००/५०० |
| | **विज्ञापन सेवा** | १५००/५०० |
| १६.१ | बैंदेशिक रोजगार सेवा | १५००/५०० |
| १६.२ | स्वदेशी रोजगार सेवा-टयुसन सेन्टर | १०००/५०० |
| १६.३ | सेक्रेटरियल सेवा | १०००/५०० |
| १६.४ | हाउजीङ कम्पनी तथा घर जग्गा खरिद बिक्री | ५०००/१००० |
| १६.५ | ब्यूटी पार्लर | १०००/५०० |
| १६.६.१ | ड्राईक्लिनर्स धोवी | १०००/५०० |

| सि.नं. | व्यवसायको विवरण | दर (रु मा) (दर्ता/नवीकरण) |
|---|---|---|
| १६.६.२ | फोटो स्टुडियो | १०००/५०० |
| १६.६.३ | **टेलर** | |
| १६.६.४ | क) सबै किसिमका मेशिन राखी उच्च स्तरीय सिलाई गर्नेलाई | १५००/१००० |
| | ख) एक भन्दा बढी मेशिन राखी सिलाई गर्नेलाई | १०००/७०० |
| | ग) एक मेशिन राखी सिलाई गर्नेलाई | ७००/५०० |
| | **सैलुन** | |
| १६.६.५ | क) ३ सिट भन्दा बढी क्षमता भएको सैलुनलाई | १०००/५०० |
| | ख) साधारण सैलुन | ५००/२०० |
| | साईन बोर्ड पेन्टीङ | १०००/५०० |
| १६.७ | पशु वधशाला | ३०००/१००० |
| १६.८ | मासु बिक्रेता | १०००/५०० |
| **१६.९.२** | **अन्य व्यवसायहरु** | |
| १७.१ | पार्क पिकनिक स्पोर्ट | १००० प्रतिदिन |
| १७.२ | टुर अपरेटर | ५०० |
| १७.३ | इ.भी रिचार्ज/चार्जिङ सेन्टर | ५०,०००/ २०,०००(वार्षिक) |
| **१७.२** | **विविध व्यवसाय** | |
| १८ | रङ पसल | १०००/५०० |
| १९.१ | भाडा पसल | १०००/५०० |
| १९.२ | जुत्ता चप्पल पसल | १०००/५०० |
| १९.३ | साईकल मर्मत तथा बिक्री | १०००/५०० |
| १९.४ | मेशिनरी पार्ट पसल | १५००/५०० |
| १९.५ | पान पसल | ५००/२०० |
| १९.६ | खाना तथा नास्ता पसल | १०००/५०० |
| १९.७ | मिठाई तथा चिया पसल | १०००/५०० |
| १९.८ | लेथ वर्कशप | १५००/५०० |

| सि.नं. | व्यवसायको विवरण | दर (रु मा) (दर्ता/नवीकरण) |
|---|---|---|
| १९.९ | पोल्ट्री पशु फर्म/दाना डिपो/एग्रोभेट | १०००/५०० |
| **१९.१०** | **सप्लायर्स** | |
| १९.११ | क) एक लाखभन्दा बढीको सामान सप्लाई गर्नेलाई । | २०००/१००० |
| १९.१२ | ख) एक लाखसम्मको सामान सप्लाई गर्नेलाई | १५००/५०० |
| १९.१३ | ग) पचास हजार सम्मको सामान सप्लाई गर्नेलाई । | ५००/२०० |
| १९.१४ | केबुल अपरेटर | ३०००/१००० |
| १९.१५ | टेन्ट हाउस/क्याटरिङ | १०००/५०० |
| १९.१६ | रासायनिक मल तथा विषादी पसल | १५००/५०० |
| १९.१७ | कबाडी व्यवसाय | ५०००/१००० |
| १९.१८ | सुर्ति पसल खुद्रा विक्रेता | १०००/२०० |
| १९.१९ | डिलरशिप (माथि भए बाहेक) | ५०००/१००० |
| १९.२० | ठूला कम्पनीको सेल्स डिपो | ७०००/२००० |
| २० | **कुटानी/पिसानी/पेलानी मिल ब्यवसाय दर्ता** | १०००/५०० |
| २१ | **पिसानी मात्र गर्ने मिल ब्यवसाय दर्ता** | ५००/२०० |
| २२ | **उपभोक्ता समिति** | ५००/३०० |
| २३ | **गैर सरकारी संस्थादर्ता/सिफारिश/नवीकरण** | १००० |
| २४ | **सामुदायिक संघ संस्थादर्ता/सिफारिश/नवीकरण** | ५०० |
| २५ | **एफ. एम. रेडियो** | १५००० |
| २५.१ | नवीकरण गर्ने म्याद समाप्त भए पछि थप एक वर्ष अवधि भित्र विलम्व शुल्क वापत | ५००० |
| २५.२ | विवरण संसोधन शुल्क | ५००० |
| २५.३ | विवरण बदल्न चाहेमा | ५००० |
| **२६** | **जलश्रोत उपयोग अनुमति पत्र दस्तुर** | |
| २६.१ | खनेपानी तथा घरेलु उपयोग | १०००/६०० |
| २६.२ | सिंचाई | १५००/१००० |
| २६.३ | पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | १००० |

| सि.नं. | व्यवसायको विवरण | दर (रु मा) (दर्ता/नवीकरण) |
|---|---|---|
| २६.४ | घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उद्योग | १५०० |
| २६.५ | जल यातायात | ३००० |
| २६.६ | आमोद प्रमोद जन्य उपयोग | ३००० |
| २६.७ | अन्य उपयोग | ३००० |
| **२७** | **जलश्रोत उपयोग बापत बुझाउनु पर्ने बार्षिक शुल्क** | |
| २७.१ | २ हजार हे. सम्मको जमीन सिंचाई गर्न | १५०० |
| २७.२ | २ हजार देखि ५ हजार हे. सम्मको जमीन सिंचाई गर्न | २००० |
| २७.३ | ५ हजार देखि १० हजार हे. सम्मको जमीन सिंचाई गर्न | २५०० |
| **२८** | **खानेपानीको हकमा** | |
| २८.१ | २ हजार सम्मको जनसंख्यालाई खानेपानी ब्यवस्थापन गर्न | १०००/५०० |
| २८.२ | २ हजार देखि ५ हजार सम्मको जनसंख्यालाई खानेपानी ब्यवस्थापन गर्न | १५००/१००० |
| २८.३ | ५ हजार देखि १० हजार सम्मको जनसंख्यालाई खानेपानी ब्यवस्थापन गर्न | २०००/१५०० |

| | | |
|---|---|---|
| **२९.१** | **उद्योगतर्फ विवरण हेरफेर गर्न** | |
| २९.२ | उद्योगमा साझेदार थपघट गर्नुपरेमा | वार्षिक करको दरमा ५० प्रतिशत वा रु.१०००।- मध्ये जुनबढी हुन्छ। |
| २९.३ | उद्योग ठाउँसारी गर्नुपरेमा | गाउँपालिका क्षेत्र भित्र ठाउँ सारी भए रु. ५००।- र वाहिर भए रु.१०००।- |
| २९.४ | व्यवसाय संचालन नभएको सिफारिश दिन | वार्षिक करको ५० प्रतिशत वा रु. १०००।- मध्ये जुन वढी हुन्छ |
| २९.५ | उद्योग तथा कम्पनी सूचिकृत | वार्षिक २५०० का दरले |
| २९.६ | एक्साभेटर सूचिकृत | वार्षिक ५००० का दरले |
| २९.७ | डोजर सूचिकृत | वार्षिक ३००० का दरले |
| ३० | पोके कपडा व्यपारी | २००० |
| ३१ | भाडाँ डोको व्यपारी | २००० |
| ३२ | ट्याक्टर (गहुँ पेल्ने/धान पेल्ने) | २००० |

| सि.नं. | व्यवसायको विवरण | दर (रु मा) (दर्ता/नवीकरण) |
|---|---|---|
| ३३ | **प्राइभेट/साझेदारी व्यवसाय, फर्म दर्ता दस्तुर** | **दर (दर्ता/नविकरण)** |
| ३३.१ | एक लाख रुपैयाँसम्म | १०००/१००० |
| ३३.२ | एक लाख रूपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | ३०००/१००० |
| ३३.३ | तीन लाख रूपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ६०००/१००० |
| ३३.४ | पाँच लाख रूपैयाँभन्दा बढी वीस लाख रुपैयाँसम्म | १२०००/१००० |

क) जादु, सर्कस, चटक, फुटपाथमा औषधी बेचबिखन आदिमा प्रतिदिनको रु. ५००।- असुल गरिनेछ।

ख) चालु आ.व. भित्र असुल नभई अर्को आ.व. भित्र असुल गर्दा २५ प्रतिशत थप विलम्व शुल्क सहित असुल गरिनेछ ।

ग) कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय थप गरेमा थप गरेको व्यवसायमा माथि उल्लेखित दरको प्रत्येक व्यवसायमा २५ प्रतिशतले हुने रकम थप व्यवसाय कर लिने ।

घ) माथि उल्लेख भएको व्यवसायमा सोही अनुसार र उल्लेख नभएको अवस्थामा गाउँ कार्यपालिकाबाट निर्णय गरी निर्धारण गरिने छ ।

ङ) दैनिक हाट बजार प्रति स्टल प्रतिदिन रु ५००- रुपैया

## अनुसूची - ५

## जडिबुटी, कवाडी र जीवजन्तु कर

१. ब्यवसायिक कारोवार भएमा कार्यविधि बनाई असुल उपर गरिने ।

## अनुसूची - ६

## विज्ञापन कर

१. होर्डिङ वोर्ड सेवा शुल्क निम्नानुसार लगाईने छ ।

अ) प्रति वर्ग फिट रु ५० (पचास)

आ) अन्यको हकमा गा.पा.ले तोके वमोजिम हुनेछ

इ) आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान वोर्ड व्यवसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउने छन ।

र १ भन्दा धेरै वोर्ड राख्नु परेमा माथिको दररेटमा सम्वन्धित व्यवसायिले विज्ञापन कर वापत वुझाउनु पर्नेछ ।

**अनुसूची - ७**

**मनोरञ्जन कर**

१. सभा, सम्मेलन, उत्सव, महोत्सबमा पटके रुपमा गाउँपालिकाबाट निर्धारण गरिनेछ ।

**अनुसूची - ८**

**बहाल बिटौरी शुल्क**

१. सार्वजनिक/स्थलमा निर्मित घर, संरचनाको उपयोग तथा जग्गा उपयोग प्रति स्क्वायर फूट रु. ५।- प्रति महिना

२. गाउँपालिका र अन्तर्गतका हल उपयोग शुल्कः

ठूलो हल प्रतिदिन रु.१५००।-

सानो हल प्रतिदिन रु.१०००।-

हल सरसफाई शुल्क रु. ३००।-

प्रोजेक्टर/मल्टिमिडिया भाडा दैनिक रु. ५००।-

*अन्य शुल्क कार्यविधी बनाई असुल गरिनेछ ।*

**अनुसूची - ९**

**पार्किङ शुल्क**

क) दुई पाङ्ग्रे मोटर साईकल, स्कुटर आदि सवारी साधन रु २०।- प्रति पटक-दिन

ख) चार पाङ्ग्रे जीप, कार लगायत सवारी साधन रु ५०।-

ग) दुई पाङ्ग्रे मिनिबस, बस, टिपर आदि सवारी साधन रु १००।-

घ) पार्किङ शुल्कः सभा, सम्मेलन, उत्सव, महोत्सबमा पटके रुपमा गाउँपालिकाबाट निर्धारण गरिनेछ ।

ङ) हेलिकप्टर प्रती ल्यान्डिङ्ग शुल्क रु. १५००।-

*सार्वजनिक स्थानमा प्रतिस्पर्धाबाट उल्लेखित दरमा असुल हुने गरी कार्यविधीबनाई असुल गरिनेछ ।*

**अनुसूची - १०**

**स्ट्रेकिङ्ग, कोयोकिङ, क्यानोनिङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क**

१. पूर्वाधार र साधनको व्यवस्था भएपछि कार्यविधी बनाई सेवा शुल्क निर्धारण गरी लागू गरिनेछ।

## अनुसूची - ११

## सेवा शुल्क, दस्तुर

### १. विभिन्न प्रकारका सिफारिश दस्तुरः

क) छुट जग्गा दर्ता सिफारिश निवेदन फाराम र निवेदन दर्ता दस्तुर समेत ।

| | विवरण | दर |
|---|---|---|
| अ) | १ रोपनी सम्म | रु. ५००।- |
| आ) | १ रोपनी देखि ५ रोपनी सम्म | रु. १०००।- |
| इ) | ५ रोपनी वा सो भन्दा माथि सम्म | रु. १५००।- |

ख) जग्गा नामसारी सिफारिश निवेदन दर्ता र निवेदन फाराम समेत)

| | विवरण | दर |
|---|---|---|
| अ) | ५ रोपनी सम्म | रु. १००।- |
| आ) | ५ रोपनी देखि २० रोपनी सम्म | रु. २००।- |
| इ) | २० रोपनी वा सो भन्दा माथि सम्म | रु. ५००।- |

ग) मोही दर्ता तथा मोही नामसारी सिफारिसः

| | विवरण | दर |
|---|---|---|
| अ) | ५ रोपनी सम्म | रु. ५००।- |
| आ) | ५ रोपनी देखि माथि जति सुकै भए पनि | रु. १०००।- |

घ) घरजग्गा, चार किल्ला प्रमाणित

| | विवरण | दर |
|---|---|---|
| अ) | चार किल्ला प्रमाणित प्रति कित्ता | रु. १०००।- |
| आ) | घरबाटो भए/नभएको प्रमाणित | रु. १०००।- |
| इ) | स्थलगत निरीक्षण गरिएकोमा थप प्रति कित्ता | रु. ५००।- |
| ई) | घर जग्गा कर रसिदको प्रतिलिपी | रु. १००।- |
| उ) | घर जग्गा छुट्याउन अमिन फिल्ड जानु पर्दा प्रतिकित्ता | रु. १०००।- |
| ऋ) | जुनसुकै प्रकारको सर्जिमन मुचुल्का | रु. ५००।- |
| ए) | जग्गा वर्गिकरण दस्तुर | रु. १०००।- |
| ऐ) | सहमती प्रमाणित | रु. १०००।- |

ङ) श्रोत प्रमाणित

| | विवरण | दर |
|---|---|---|
| अ) | श्रोत प्रमाणित प्रतिशत | १-२० लाख सम्म रु.२०००, २० लाख देखि १ करोड सम्म रु. ४००० |
| आ) | घर जग्गा मूल्यांकन | १-२० लाख सम्म रु.२०००, २० लाख देखि १ करोड सम्म रु. ४००० |

च) विभिन्न प्रकारका घरेलु उद्योग दर्ता सिफारिशः

| | विवरण | दर |
|---|---|---|
| अ) | साना घरेलु उद्योग | रु. ५००।- |
| आ) | मझौला उद्योग | रु. १०००।- |
| इ) | ठुला उद्योग (चिरान मिल, फर्निचर उद्योग) | रु. २०००।- |

छ)

| | विवरण | दर |
|---|---|---|
| अ) | डिलर लिने/अन्य उद्योग सम्बन्धी सिफारिश | रु. १०००।- |

ज)

| | विवरण | दर |
|---|---|---|
| अ) | स्वास्थ्य सेवा संस्था स्थापना सम्बन्धी सिफारिश | रु. १०००।- |

झ) नागरिकता, प्रमाणपत्र प्रतिलिपी दस्तुर

| | विवरण | दर |
|---|---|---|
| अ) | प्रमाणपत्र प्रतिलिपी दस्तुर | रु. ३०।- प्रतिपाना |
| आ) | नागरिकता लिनका लागि सिफारिश | रु. ३००।- |
| इ) | नागरिकताको प्रतिलिपी लिन सिफारिश | रु. ५००।- |
| ई) | अंगिकृत नागरिकता सिफारिश | रु. १०००।- |
| उ) | वैनापट्टा कागज प्रमाणित प्रति वैना | रु. १०००।- |

ञ)

| | विवरण | दर |
|---|---|---|
| अ) | नाता प्रमाणित | रु. १५०।- |

ट)

| | विवरण | दर |
|---|---|---|
| अ) | नाता सम्बन्ध | रु. १५०।- |

ठ) धारा, विजुली जडान सिफारिश

| | विवरण | दर |
|---|---|---|
| अ) | धारा जडान घर सिफारिश | रु. २००।- |
| आ) | धारा जडान संघ, संस्था, उद्योग ब्यवसायको लागि | रु. १५००।- |
| इ) | बिजुली जडान सिफारिश घरको लागि | रु. २००।- |
| ई) | बिजुली जडान संघ, संस्था, उद्योग ब्यवसाय थ्री फेज लाईनको लागि | रु. १५००।- |

ड)

| | विवरण | दर |
|---|---|---|
| अ) | काठ कटान/निकासी गर्न सिफारिश | रु. ५०।- प्रति रुख |

ढ)

| | विवरण | दर |
|---|---|---|
| अ) | न्यायिक समिति निवेदन दर्ता | रु. १००।- |

ण)

| | विवरण | दर |
|---|---|---|
| अ) | रकम कलम उठाइदिए वापत सयकडा | ३ % |

त)

| | विवरण | दर |
|---|---|---|
| अ) | अंग्रेजीबाट गरिने जुनसुकै प्रकारका सिफारिशको प्रति सिफारिश | रु. ५००।- |

थ)

| | विवरण | दर |
|---|---|---|
| अ) | निजी स्तरका विद्यालय स्थापना तथा तहवृद्धी सम्बन्धी सिफारिश | रु. १०००।- |

द)

| | विवरण | दर |
|---|---|---|
| अ) | सामुदायिक/सरकारी विद्यालयको तहवृदी सम्बन्धी सिफारिश | रु. ५००।- |

ध)

| | विवरण | दर |
|---|---|---|
| अ) | संचार टावर सिफारिश | रु. १०,०००।- |

न)

| | विवरण | दर |
|---|---|---|
| अ) | १. व्यक्तिगत घटनादर्ता विलम्ब दस्तुर<br>२. व्यक्तिगत घटनादर्ता प्रमाणपत्रको नक्कल दस्तुर | रु. २००।-<br>रु. ५००।- |

प)

| | विवरण | दर |
|---|---|---|

| | | |
|---|---|---|
| अ) | घर कायम गर्न सिफारिश | रु. ५००।- |

फ)

| | विवरण | दर |
|---|---|---|
| अ) | मरुवा नामसारी (सम्पत्ति) वापत | रु. ५००।- |

ब)

| | विवरण | दर |
|---|---|---|
| अ) | लालपुर्जा प्रतिलिपी सिफारिश | रु. ३००।- |

भ)

| | विवरण | दर |
|---|---|---|
| अ) | कन्सुलर प्रमाणित प्रति पाना | रु. ५००।- |

म)

| अ) | अन्य साधारण सिफारिश दस्तुर | दर |
|---|---|---|
| १. | अविवाहित/अर्को विवाह नगरेको सिफारिश | रु. ५००।- |
| २. | घटना दर्ता अभिलेख किताब हेरेको दस्तुर | रु. २००।- |
| ३. | जन्म/मृत्यु/विवाह/व्यक्तिगत घटना दर्ता प्रमाणित | रु. ३००।- |
| ४. | योजना सम्बन्धी (पालिका, प्रदेश र संघीय योजना)<br>१. योजना किताब (पालिका अन्तर्गत)<br>२. योजना सम्झौता सिफारिश<br>३. योजना भुक्तानि सिफारिश<br>४. योजना माग सिफारिश | <br>रु. ५००।-<br>रु. २००।-<br>रु. २००।-<br>रु. २००।- |
| ५. | उपभोक्ता समिति दर्ता | रु. १०००।- |
| ६. | विदेश अध्ययन अफर लेटर | ५% |
| ७. | बैंक खाता संचालन/बैक खाता बन्द सिफारिश | रु. २००।- |
| ८. | नाबालक परिचयपत्र सिफारिश | रु. १००।- |
| ९. | पारिवारिक/एकाघरको विवरण प्रमाणित/ सगोलनामा सिफारिश | रु. ५००।- |
| १०. | लेनदेन/तमसुक प्रमाणित<br>१. १० लाख सम्म | लेनदेन रकमको<br>१. ०.०५% |

| | | |
|---|---|---|
| | २. १० लाख देखि २० लाख सम्म (थप)<br>३. २० लाख भन्दा माथि (थप) | २. थप ०.०३%<br>३. थप ०.०२% |
| ११. | फरक फरक नामथर/एकै व्यक्ति प्रमाणीत सिफारिश | रु. ३००।- |
| १२. | स्थायी बसोबास प्रमाणित | रु. ३००।- |
| १३. | अस्थायी बसोबास प्रमाणित | रु. ५००।- |
| १४. | व्यापार/व्यवसाय तथा फर्म दर्ता सिफारिश (पालिका, घरेलु र करदाता सेवा कार्यालय) | २० लाख सम्म - ५००।-<br>२० लाख माथि १०००।- |
| १५. | व्यापार/व्यवसाय तथा फर्म बन्द सिफारिश (पालिका, घरेलु र करदाता सेवा कार्यालय) | २० लाख सम्म - ३००।-<br>२० लाख माथि - ५००।- |
| १६. | व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि | दर्ता दस्तुरको १०% |
| १७. | विधान निर्माण/प्रमाणित दस्तुर (उपभोक्ता समिति वा अन्य) | रु. ५००।- |
| १८. | विधान संशोधन प्रमाणीत दस्तुर(सहकारि वा अन्य) | रु. १०००।- |
| १९. | विभिन्न विधानको प्रतिलिपि दस्तुर | रु. ५००।- |
| २०. | जग्गाधनी प्रमाणपत्र पुर्जामा फोटो टाँस सिफारिश | रु. ५००।- |
| २१. | वेपत्ता प्रमाणित सिफारिश | रु. २००।- |
| २२. | अन्य साधारण सिफारिश | रु २००।- |

य) फोहर व्यवस्थापनका लागि पूर्वाधार र साधानको व्यवस्था भएपछि सेवा शुल्क निर्धारण गरिनेछ ।

र) गैर सरकारी संघ संस्था दर्ता, नविकरण सिफारिश रु. ५००।-

ल) घर नक्शा पास, निर्माण स्वीकृती दस्तुरः

१) गाउँपालिकाको शहर उन्मुख क्षेत्रमा (मध्यपहाडी लोकमार्ग तथा पक्की सडक आसपास):

अ) आर.सी.सी. फ्रेम स्ट्रक्चर तथा स्टिल स्ट्रक्चर

| क्र.सं. | भवनको प्रयोजन | भवनको तला | दस्तुर प्रति वर्ग फुट |
|---|---|---|---|
| १ | आवासीय | ३ तला भन्दा मुनि सम्म | रु. ५।- |

| | | | |
|---|---|---|---|
| | | ३ तला र सो भन्दा माथि | रु. १०।- |
| २ | ब्यवसायिक | ३ तला भन्दा मुनि सम्म | रु. १०।- |
| | | ३ तला र सो भन्दा माथि | रु. १५।- |

आ) लोडबियरिङ पक्की घर प्रति वर्ग फिट रु ३।-

इ) जस्ताको छाना/टहरा भएको घर प्रति वर्ग फिट रु.२।-

*मापदण्ड लागू भएपछि नक्शापास नगरी बनाएकोमा १०% थप दस्तुर लाग्ने छ।*

२) गाउँपालिका अन्य क्षेत्रमाः

अ) आर.सी.सी. फ्रेम स्ट्रक्चर तथा स्टिल स्ट्रक्चर

| क्र.सं. | भवनको प्रयोजन | भवनको तला | दस्तुर प्रति वर्ग फुट |
|---|---|---|---|
| १ | आवासीय | ३ तला भन्दा मुनि सम्म | रु. ३।- |
| | | ३ तला र सो भन्दा माथि | रु. ५।- |
| २ | ब्यवसायिक | ३ तला भन्दा मुनि सम्म | रु. ५।- |
| | | ३ तला र सो भन्दा माथि | रु. १०।- |

आ) लोडबियरिङ पक्की घर प्रति वर्गफिट रु २।-

इ) जस्ताको छाना/टहरा भएको घर प्रतिवर्ग फिट रु.१।-

*मापदण्ड लागू भएपछी नक्शा पास नगरी बनाएकोमा १०% थप दस्तुर लाग्ने छ।*

३) नक्शा पास-निर्माण सम्पन्न नामसारी गर्नु पर्दा हाल कायम रहेको नक्सापास दस्तुरको १० प्रतिशत वा न्यूनतम मुल्य रु. १०००।- मध्ये जुन बढी हुन आउँछ सोहि अनुसारको दस्तुर लिई नामसारी गरिने छ ।

४) नक्शापास प्रमाण पत्र र निर्माण सम्पन्नको प्रतिलिपी दस्तुर रु. ५००।- लिई प्रतिलिपी सरोकारवालालाई दिईने छ र प्लिन्थ लेवल भन्दा माथि Super Structure को नक्शा पास गरी निर्माण सम्पन्न पत्र तोकिएको समयमा नलिएमा बिलम्ब दस्तुर रु १०००।- वा लाग्ने राजश्वको २५% प्रतिशत मध्ये जुन वढी हुन्छ सो वरावरको थप दस्तुर लिई निर्माण सम्पन्न पत्र प्रदान गरिने छ ।

५) घर निर्माणका लागि गा.पा.बाट स्वीकृत (प्लीन्थ लेवल सम्मको) लिई तोकिएको अवधि भित्र निर्माण सम्पन्न नलिने वा थप दस्तुर तिरी म्याद थप गरिएकोमा थप अवधि भित्र निर्माण सम्पन्न नगरिएमा सो वापत राखिएको धरौटी रकम फिर्ता हुनेछैन ।

६) नक्शा पास तथा अभिलेखिकरण गर्ने आवेदन पुस्तिका रु. १०००।- प्रतिगोटा

७) ब्लु प्रिन्ट प्रति कित्ता रु. १००।-

८) आर.सी.सी ढलान सडक उचाई नाप्ने कोर कटर मेशिन प्रति दिन रु. १०,०००।-

९) टोटल स्टेशन मेशिन प्रतिदिन रु.५,०००।- र सिभिल ल्याब शुल्क प्रति पटक रु.५००/- निर्माण कार्य गर्दा माटो सम्बन्धी कार्य गर्नका लागि प्रयोग हुने मेशिनको शुल्क ब्याकहुलोडरको रु.५,०००।- र एक्सकाभेटरको रु.१०,०००।-

व) जग्गा प्लटिङ

(क) ३ रोपनी सम्मको एकमुष्ट प्लटिङ रु. १५,०००।-

(ख) ३ रोपनी भन्दा माथि प्रति रोपनी थप रु. ५,०००।-

श) अस्थायी क्रसर उद्योग अनुमती रु. २,००,०००।- र नवीकरण रु. १,५०,०००

ष) नदीजन्य खानीजन्य सम्बन्धी

(क) नदीजन्य खानीजन्य पदार्थ चोरी निकासी जरिवाना

१. सानो ट्र्याक्टर - रु. ५,०००।- सहित खानीजन्य पदार्थ जफत

२. ठुलो ट्र्याक्टर - रु. १०,०००।- सहित खानीजन्य पदार्थ जफत

३. आइचर स्वराज - रु. २५,०००।- सहित खानीजन्य पदार्थ जफत

४. ट्रिपर - रु. ५०,०००।- सहित खानीजन्य पदार्थ जफत

(ख) नदिजन्य पदार्थ अवैद रुपमा निकासीका लागि प्रयोग भएको सामग्रीको जरिवाना

१. Excavetor (प्रति १) - ५०,०००/-

२. Dozer (प्रति १) - ५०,०००/-

(ख) नदीजन्य पदार्थको स्टक प्रमाणित (प्रति क्यू फिट) रु.७/- VAT बाहेक

## स) शिवपुरी ग्रामिण आँखा केन्द्रको शुल्कहरु

क) बिरामीहरुको दर्ता शुल्क

| क्र.सं. | शीर्षकहरु | शुल्क |
|---|---|---|
| १ | दर्ता शुल्क | रु. ५०।- |
| २ | आकस्मिक शुल्क | रु. १००।- |
| ३ | Foreign Body Removal charge | रु. १००।- |
| ४ | Pad and Bandaging charge | रु. १००।- |
| ५ | Shermer test charge | रु. ५०।- |
| ६ | Eye Syringing | रु. १००।- |
| ७ | Minor surgery | रु. ५००।- |
| ८ | Tonometry | रु. १००।- |

ख) अन्य सेवा शुल्क

| क्र.सं. | शीर्षकहरु | शुल्क |
|---|---|---|
| १ | Plastic Frame | रु. ४००।- |
| २ | Flexible Plastic frame | रु. ८००।- |
| ३ | Metal Frame with spring | रु. ९००।- |
| ४ | Metal Frame (plane) | रु. ७००।- |
| ५ | Half Rim Frame | रु. ८००।- |
| ६ | Baby Frame (Plastic) | रु. ३००।- |
| ७ | Baby Frame (Flexible) | रु. ६००।- |
| ८ | Baby Frame (Rubber temple) | रु. १०००।- |
| ९ | BRC Readymade (Plastic) | रु. ६००।- |
| १० | Reading glass | रु. २५०।- |
| ११ | Reading Bifocal | रु. ४००।- |
| १२ | Glass HC | रु. ५००।- |
| १३ | BRC Glass | रु. ७००।- |
| १४ | ARC Glass | रु. ७००।- |
| १५ | HC Bifocal | रु. ५००।- |
| १६ | Progressive Glass | रु. ३०००।- |
| १७ | PG (Changeable) | रु. १०००।- |
| १८ | Cataract Glass | रु. २५०।- |
| १९ | Sun Glass (Ladies) | रु. ६००।- |
| २० | Sun Glass (Metal) | रु. ७००।- |
| २१ | Sun Glass (High Quality) | रु. १०००।- |

ह) **शिवपुरी आधारभूत अस्पतालको शुल्कहरु**

| क्र.सं. | शीर्षकहरु | शुल्क |
|---|---|---|
| १ | OPD Registration Charge | रु. २०।- |
| २ | Emergency Registration Charge | रु. १००।- |

| क्र.सं. | शीर्षकहरु | शुल्क |
|---|---|---|
| ३ | Admission Charge | रु. १००।- |
| ४ | Foley's and NG Tube Insertion | रु. १००।- |
| ५ | Oxygen Supply | रु. २०।- |
| ६ | ECG | रु. १००।- |
| ७ | X-ray (Per Film) | रु. ३५०।- |
| ८ | I and D Procedure | रु. ३००।- |
| ९ | Wound Debridement and Dressing | रु. २००।- |
| १० | Suturing Charge | रु. ३००।- |
| ११ | Syringing of Ear One Side | रु. ५०।- |
| १२ | Ear/Nasal Packing | रु. १००।- |
| १३ | Excision (Lipoma,Cyst,Corn) | रु. ३००/३००/२०० |
| १४ | Per Day Stay Charge | रु. १००।- |
| १५ | Plaster Slab | रु. ३००।- |
| १६ | Plaster Cast Hand | रु. ४००।- |
| १७ | Plaster Leg (Boot Cast) | रु. ५००।- |
| १८ | Plaster Cast Removal | रु. ५०।- |
| १९ | Intra Articular Injection Administration | रु. ५०।- |
| २० | Inj Tricort(Steroid) Administration | रु. ५०।- |

क्ष) **प्रयोगशाला परीक्षणहरु**

| क्र.सं. | शीर्षकहरु | शुल्क |
|---|---|---|
| १ | CBC | रु. २००।- |
| २ | Hb | रु. ५०।- |
| ३ | WBC | रु. ५०।- |
| ४ | ESR | रु. ५०।- |
| ५ | DC | रु. ८०।- |
| ६ | Platelets | रु. ५०।- |
| ७ | Bleeding Time | रु. ८०।- |

| क्र.सं. | शीर्षकहरु | शुल्क |
|---|---|---|
| ८ | Clotting Time | रु. ८०।- |
| ९ | HIV | रु. २००।- |
| १० | HBsAg | रु. २००।- |
| ११ | ASO | रु. २००।- |
| १२ | CRP | रु. १८०।- |
| १३ | RA Factor | रु. १००।- |
| १४ | HCG | रु. ५०।- |
| १५ | Blood Group & RH Typing | रु. ५०।- |
| १६ | Calcium | रु. २००।- |
| १७ | Serum Albumin | रु. १८०।- |
| १८ | Urine R/E,M/E | रु. ५०।- |
| १९ | HCV RDT | रु. २००।- |
| २० | Widal test | रु. १००।- |
| २१ | Hpyolori test | रु. ३००।- |
| २२ | Urine R/E | रु. ५०।- |
| २३ | Stool R/E | रु. ५०।- |
| २४ | Stool occult blood test | रु. १००।- |
| २५ | VDRL | रु. २००।- |
| २६ | Sugar Fasting (F) | रु. ५०।- |
| २७ | Sugar PP (P) | रु. ५०।- |
| २८ | Sugar Randam (R) | रु. ५०।- |
| २९ | Urea | रु. १८०।- |
| ३० | Creatinine | रु. १६०।- |
| ३१ | Uric Acid | रु. १००।- |
| ३२ | Bilurubin | रु. २००।- |
| ३३ | Total cholesterol | रु. २००।- |
| ३४ | Triglyceride | रु. २००।- |
| ३५ | Urine Albumin | रु. ८०।- |
| ३६ | Stool R/E,M/E | रु. ५०।- |

त्र) पशु सेवा शुल्कहरु

(क) औषधी वितरण

| क्र.सं. | शीर्षकहरु | शुल्क |
|---|---|---|
| १ | १-१० बाख्रा | रु. २०।- |
| २ | १० भन्दा माथि बाख्रा | रु. ४०।- |
| ३ | १-२ गाई/भैसी | रु. २०।- |
| ४ | २- माथि | रु. ४०।- |

(ख) परामर्श सेवा तथा बन्ध्याकरण

| क्र.सं. | शीर्षकहरु | शुल्क(प्रति जनावर) |
|---|---|---|
| १ | गाई भैंसी स्वास्थ्य परामर्श | रु.१०० ।- |
| २ | भेंडा,बाख्रा,बंगुर,कुकुर लगायत अन्य चौपाया परामर्श | रु.१००।- |
| ३ | कुखुरा हाँस लगायत पंक्षीहरु परामर्श | रु.५०।- |
| ४ | प्रयोगशाला सेवा | रु.१००।- |
| ५ | बोका बन्ध्याकरण | रु.१००(कार्यालयमा ल्याउँदा ५०% छुट हुने) |
| ६ | साँढे बन्ध्याकरण | रु.५०० |
| ७ | बंगुर बन्ध्याकरण | रु.१५० |
| ८ | राँगो/गोरु बन्ध्याकरण | रु. २००।- |
| ९ | गर्भ परिक्षण | रु.५०० |

(ग) गोबर परिक्षणः रु. २०

(घ) बाह्य प्रजाति मार्ने औषधि - रु ३०

ज्ञ) सूचना तथा अभिलेख केन्द्रबाट बिक्रि हुने सामग्री दर

| क्र.सं | विवरण | दर (प्रति एकाइ) | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय राजपत्र | रु १० | |
| २ | निर्णयको प्रतिलिपी | रु २ प्रति पेज | ५ पेजसम्म निःशुल्क र त्यस भन्दा बढीको हकमा |
| ३ | वार्षिक योजना तथा बजेट पुस्तिका | रु १०० | |
| ४ | आवधिक योजना | रु २०० | |
| ५ | मूल्य उल्लेख सामाग्रीहरु | तोकिएको मूल्य अनुसार | |
| ६ | कम्प्युटरमा रहेको सामग्री | रु ५ प्रति पेज | |

| | | | |
|---|---|---|---|
| ७ | राजश्व सुधार यपजना | रु ५०० | |
| ८ | वेवसाइटमा राखिएका सामग्रीको विद्युतिय प्रति PDF Fromat | रु ५ प्रति पेज | |

## अनुसूची - १२

### दहत्तर बहत्तर शुल्क

बागमती प्रदेशको आर्थिक ऐन, २०८२ मा भएको व्यवस्था बमोजिम हुने।

**आज्ञाले,**
**बद्रिनाथ लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**